मा. केदार कार्की
नि. मुख्यमन्त्री

# कोशी प्रदेश
## विराटनगर, नेपाल

मानननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्रीको कार्यालय, कोशी प्रदेश, विराटनगर।

मिति : २०८१ /०५/२३

विषयः- स्मरणपत्र।

विशेष यसअघि कोशी प्रदेशमा तपाईंको दलको समेत समर्थनमा संविधानको धारा १६८ को उपधारा ५ अनुसार मेरो नेतृत्वमा सरकार रहेको यहाँलाई अवगत नै छ। त्यस सरकारले नेपाली कांग्रेसको नीति र विचार तथा बीपीको प्रजातान्त्रिक समाजवादी दर्शनलाई आत्मसात् गर्दै तल्लो तहका जनसमुदायको हित र कल्याणका लागि विभिन्न कार्यक्रम ल्याएको तथ्य स्मरण गराउँदछु। साथै उक्त सरकारले प्रस्तुत गरेको बजेट प्रदेशसभाबाट सर्वसम्मतिले पारित भएको तथ्य पनि अवगत गराउँदछु।

मेरो नेतृत्वको सरकारले जनताले तिरेको राजस्व जनतालाई नै अर्पण गर्ने नीतिअनुसार जनकेन्द्रित बजेट ल्याएको हो। सरकारका विकास कार्यक्रम सिधै तल्लो तहका जनता र भुईंमान्छेसित पुग्ने गरी त्यस सरकारले बजेट प्रस्तुत गरेको थियो। त्यसैले प्रदेशसभाबाट सर्वसम्मतिले बजेट पारित हुनसकेको हो। तर वर्तमान प्रदेश सरकारका तपाईं माननीय मुख्यमन्त्री हिक्मत कार्कीले ती सबै जनहितकारी कार्यक्रम कटौती गरेर जनविरोधी कृत्य गर्नुभएको छ। कटौती गरिएका मुख्य कार्यक्रम निम्नअनुसार छन् :

१) दश वर्ष मुनिका बालबालिकाकाका लागि विशिष्टीकृत सेवासहित निःशुल्क उपचार कार्यक्रम।
२) बजेटमा २५ लाखभन्दा तलका आयोजना नराख्ने नीति।
३) शैलजा आचार्य हृदयरोग उपचार केन्द्रको सञ्चालन।
४) महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता।
५) घिउ तथा धुलो दुधको निर्यातमा प्रोत्साहन रकम वितरण कार्यक्रम।
६) सुनसरी-मोरङ केसलिया करिडोरको विकास कार्यक्रम।
७) कृषि र प्राविधिक शिक्षाका विद्यार्थीलाई छात्रवृत्ति।
८) डाक्टर, इन्जिनियर लगायत बिभिन्न विधाका विद्यार्थीलाई छात्रवृत्ति।
९) जनावरमैत्री जंगल।

मुख्यमन्त्रीज्यू,
मेरो नेतृत्वको सरकारको विघटनपछि तपाईंका नेतृत्वमा एमाले र माओवादी सहितको सरकार बनेको हो। यस सरकारका माननीय आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले प्रस्तुत गर्नुभएको बजेटमा उपरोक्त जनहितकारी एवम् समाजवादी कार्यक्रमलाई निर्ममताका साथ कटौती गरिएको छ। मन्त्री मगरले बजेट प्रस्तुत गर्नुभएपछि यसप्रति व्यापक असन्तुष्टि उत्पन्न भएको हो। यसपछि माननीय सभामुखजीसित सर्वदलीय बैठक भयो। उक्त बैठकमा तपाईं स्वयंले बजेट सच्याउने लिखित प्रतिबद्धता गर्नुभएको थियो। तर त्यस प्रतिबद्धतालाई रद्दीको टोकरीमा फ्याँकेर तपाईं आफ्नै मनमानी शैलीमा काम गरिरहनुभएको छ।

मैले यसका विरुद्धमा प्रदेश सभामा पटक-पटक आवाज उठाएको छु। साथै विज्ञप्ति, वक्तव्य र अन्य माध्यमबाट पनि उपरोक्त कार्यक्रमलाई पुनः सञ्चालन गरिनुपर्छ भन्दै दबाब दिइरहेको छु। तर पनि तपाईं नेतृत्वको वर्तमान प्रदेश सरकार सुनेको नसुन्यै भएको छ। तसर्थ म प्रदेश सरकारले उपरोक्त कार्यक्रमलाई पुनःसञ्चालन गर्न ४८ घण्टाभित्र निर्णय गरोस् भनी यसै स्मरणपत्रमार्फत अल्टिमेटमका साथ आग्रह गर्दछु। यसबारे मैले यसअघि प्रदेशसभाको रोस्टमबाट पनि बोलिसकेको स्मरण गराउँदछु। अब यस अल्टिमेटमको बेवास्ता भएमा ४८ घण्टापछि विराटनगर महानगरपालिका देवकोटा चोकस्थित प्रदेशसभाको परिसरमा अनशन गर्ने निर्णयमा पुगेको स्मरण एवम् जानकारी गराउँदछु।

केदार कार्की
नि.मुख्यमन्त्री एवम् प्रदेशसभा सदस्य

Phone No. 9852029764, Email: kkarki37@gmail.com